


# बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.


## Puspalal Investment Co. Ltd

बिर्तामोड ५, झापा

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
## संचालक समिति



लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष



नारायण प्रसाद पोखेल
प्रबन्ध संचालक



त्रिलोचन सापकोटा
संचालक



लोक बहादुर रोक्का
संचालक



अग्नी प्रसाद दुलाल
संचालक



यसोदा चापागाँइ
संचालक



चन्द्र प्रसाद संग्रौला
संचालक

# <u>पुस्तिकामा समाविष्ट सामाग्रीहरु</u>

| क्र.स. | विवरण |
|---|---|
| १. | वार्षिक साधारणसभाको सुचना |
| २. | वार्षिक साधारणसभा सम्बन्धि सामान्य जानकारीहरु |
| ३ | प्रोक्सी फाराम तथा प्रवेश पत्र |
| ४. | अध्यक्षको मन्तव्य |
| ५. | लेखापरीक्षकको प्रतिवेदन |
| ६. | वासलात |
| ७. | नाफा नोक्सान तथा नाफा नोक्सान बाँडफाँड हिसाब |
| ८. | नगद प्रवाह विवरण |
| ९. | इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण |
| १०. | अनुसुचीहरु |

**पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि. को**

संचालक समितिको बैठकको निर्णय माइन्युट

यस **पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.** कम्पनीका अध्यक्ष श्री लाल प्रसाद साँवा लिम्बुको अध्यक्षतामा संचालक समिति बैठक कम्पनीको रजिष्टर्ड कार्यालय बिर्तामोड, झापामा बसि निम्न लिखित निर्णय गरियो ।

**स्थान : बिर्तामोड - झापा, कम्पनीको रजिष्टर्ड कार्यालय**
**मिति : २०८१/०२/१५**
**समय : दिनको ३:०० बजे**

**उपस्थिती**

| | |
|---|---|
| श्री लाल प्रसाद साँवा लिम्बु | अध्यक्ष |
| श्री नारायण प्रसाद पोखेल | प्रबन्ध संचालक |
| श्री लोक बहादुर रोक्का | संचालक |
| श्री चन्द्र प्रसाद संग्रौला | संचालक |
| श्री त्रिलोचन सापकोटा | संचालक |
| श्री अग्नी प्रसाद दुलाल | संचालक |
| श्री यसोदा चापागाँई | संचालक |

**छलफलका प्रस्तावहरु :**

१. तेस्रो वार्षिक साधारण सभा गर्ने सम्बन्धमा ।
२. विविध सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १:** प्रस्ताव नम्वर एक उपर छलफल गर्दा यस लिमिटेडको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका प्रस्तावहरुमा छलफल गर्ने गरी निर्णय गरियो । उक्त साधारण सभाको सूचना राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१।०२।१८ मा प्रकाशित गर्ने साथै शेयरधनीलाई इमेल, फ्याक्स, हुलाक वा कम्पनी ऐन अनुसारको अन्य साधनबाट समेत पत्र पठाइ जानकारी समेत गराउने निर्णय गरियो ।

**छलफलका प्रस्तावहरु :**

सामान्य प्रस्तावहरु :

१. आ.व.२०७९/०८० को अध्यक्षज्यूको कार्य प्रगति प्रतिवेदन सम्बन्धमा ।

२. आ.व.२०७९/०८० को वार्षिक लेखापरीक्षण प्रतिवेदन, अनुसुची सहितको वित्तीय विवरणहरु अनुमोदन गर्ने सम्बन्धमा ।

३. आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१/०३/०८ ( June 22, 2024), शनिवार

स्थान : सामुदायीक अध्ययन केन्द्र, सिवसताक्षी न. पा. वडा न. - ११, दुधे, झापा

समय : दिनको ११:०० बजे देखि ।

२. विविध : आजको यस बैठकमा पेश भएका छलफलका बिषयहरु समाप्त भएकोले अध्यक्षज्यूले आजको बैठक समापन गर्नु भयो ।

## वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरुः

१. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सुचनासँग प्रकाशित गरिएको छ । पठाउन नसकिएको अवस्थामा साधारणसभा स्थलमै पनि उपलब्ध गराइनेछ ।

३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा २४ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, विर्तामोड ५, झापामा प्रोक्सी फाराम दर्ता गरिसक्नुपर्नेछ । नियुक्त प्रोक्सी सभामा आउन नसक्ने भइ अर्कोलाइ नियुक्त गर्नु पर्ने भएमा सोही अवधिमा कार्यालयमा जानकारी गराउनु पर्नेछ । कम्पनीको सेयरधनीभन्दा अन्य ब्यक्तिलाई प्रोक्सी दिन पाइनेछैन ।

४. संरक्षकको हैसियतका व्यक्तीहरुले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न पाउनेछन् ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ती वा सर्वसम्मतीबाट प्रोक्सी नियुक्त गरिएको एक व्यक्तीले सभामा भाग लिन पाउनेछ ।

६. संगठित संस्था सेयरधनी रहेकोमा संस्थाको प्रतिनिधी वा निजले नियुक्त गरेको प्रोक्सीले मतदान गर्न पाउने छ ।

७. प्रबन्ध पत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिमको योग्यता भएको व्यक्ती संचालक पदको उम्मेदवार हुनेछ ।

८. निर्वाचन गर्नुपर्ने अवस्था आइपरेमा निर्वाचन अधिकृतले तोकेको प्रक्रिया बमोजिम निर्बाचन हुनेछ ।

९. सेयरधनी महानुभावहरुको सुविधाका लागि सभास्थलमा सभा हुने दिन बिहानको १० बजेदेखि शुरु हुनेछ ।

**संचालक समितिको आज्ञाले**

**प्रबन्ध संचालक**

# साधारणसभामा आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी फाराम)

**(कम्पनी ऐन २०६३ को दफा ७१ को उपदफा ३ सँग सम्बन्धित)**

श्री संचालक समिति
पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
विर्तामोड, झापा ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

उपर्युक्त सम्बन्धमा .......................जिल्ला, ........................ म.न.पा./न.पा./गा.पा./ वडा नं. .... बस्ने म/हामी .......................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८१ साल असार महिना ८ गतेका दिन हुन गइरहेको साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको हुँदा उक्त सभामा भागलिन तथा मतदान समेत गर्नुपर्नेमा सो समेत गर्न म/हाम्रो सट्टामा ........................जिल्ला, ........................ म.न.पा./न.पा./गा.पा./ वडा नं........ बस्ने त्यस कम्पनीका सेयरधनी श्री .................................लाई प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

प्रतिनिधिको व्यक्तीकोः

हस्ताक्षरको नमुनाः

शेयरधनी नं. तथा शेयर प्रमाणपत्रः ................. तथा .................

मिति :

निवेदक

दस्तखतः

नामः

ठेगानाः

शेयर प्रमाणपत्र नं.

सेयर संख्याः

*नोटः यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि कम्पनीमा दाखिल गराउनु पर्नेछ ।*

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.को
## तेस्रो वार्षिक साधारणसभामा
## अध्यक्षज्यूको मन्तव्य

यस पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.को तेस्रो बार्षिक साधारण सभामा उपस्थित हुनु भएका आदरणीय शेयरधनी महानुभावहरु, कम्पनीको निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका अतिथि महानुभावहरु, कम्पनीमा कार्यरत कर्मचारी साथिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समिति र मेरो व्यक्तीगत तर्फबाट पनि हार्दिक स्वागत गर्न चाहान्छु । कम्पनीको यस साधारण सभामा उपस्थित भएर संचालक समितको तर्फबाट कम्पनीको वार्षिक प्रतिवेदन तथा भावी कार्ययोजना प्रस्तुत गर्ने अवसर पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

**शेयरधनी महानुभावहरु,**

हामीले वि.सं.२०७० सालमा उर्जाको क्षेत्रमा लगानी गर्ने उद्देश्य लिएर पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेड दर्ता गरी उर्जा परियोजनाहरुमा लगानी गर्न सुरु गरेका थियौं । जुन बेला देशमा १६/१७ घण्टाको लोडसेडिङ चलिरहेको थियो र उर्जाको मांग र आपूर्तिमा ठूलो खाडल देखा परेको थियो । हामीले पहिलो लगानीको रुपमा अरुण काबेली पावर लिमिटेडमा रु. २ करोड १० लाख लगानी गरेका थियौं । सो कम्पनीले प्राथमिक शेयर निष्काशन गरेर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भए पश्चात हामीले सो शेयर बिक्री गरी शेयर सदस्यहरुलाई १३० प्रतिशत लाभांश समेत प्रदान गरेका थियौं । पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेडले दोस्रो लगानीका रुपमा साहस उर्जा लिमिटेडमा रु. ६० लाख १० हजार लगानी गरेको छ । साहस उर्जा लिमिटेडले सोलुखुम्बु जिल्लामा ८६ मेगावाटको सोलु खोला (दुधकोशी) आयोजना निर्माण सम्पन्न गरेर राष्ट्रिय प्रशारण लाइनमा जोडिसकेको अवस्था छ । साहस उर्जा लिमिटेडले प्राथमिक शेयर निष्काशन (IPO) जारी गरेर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत समेत भईसकेको छ । हाल सो कम्पनीको शेयर रु. ५१६ मा कारोबार भई रहेको छ । अबको करिब ४ महिनामा सो कम्पनीको लक इन पिरियड सकिने छ र हामीले लगानी गरेको शेयर बिक्री गर्न मिल्नेछ । लक इन पिरियड समाप्त भई सकेपछि बजार मूल्य हेरेर साहास उर्जा लिमिटेडमा रहेको शेयर विक्रि गर्ने र सो बाट भएको पूँजीगत लाभबाट शेयर धनीहरुलाई लांभास प्रदान गर्ने लक्ष्य लिएको छ ।

**शेयरधनी महानुभावहरु,**

सहकारी विभागले जारी गरेको ऐन, नियमावलीले सहकारीहरुले कुनै पनि कम्पनीको शेयरमा लगानी गर्न नमिल्ने व्यवस्था गरेपछि यस कम्पनीले लिएको उद्देश्य अनुरुप कार्य गर्न कठिनाई भएको हुँदा पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेडलाई खारेज गरी पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि. नामको लिमिटेड कम्पनी खोली कार्य गर्दै आई रहेको अवस्था छ । असार मसान्त २०८० मा यस कम्पनीको चुक्ता पूँजी रु. ३,६०,४९,९०० रहेको

छ र जगेडा तथा संचित मुनाफा रु. १०,४३,४३२ ऋणात्मक रहेको छ । त्यस्तै कम्पनीले गोरक्ष हाइड्रोपावर लिमिटेड र साहस उर्जा लिमिटेडमा गरेको कुल लगानी रकम रु. ४,६४,१०,००० रहेको छ । यस कम्पनीको असार मसान्त २०८० मा खुद नाफा तथा नोक्सान रु. ३,२२,०९४ ऋणात्मक रहेको छ। कम्पनीले शेयरमा गरेको लगानी बिक्रि गर्न बाँकी रहेकोले खुद नाफा तथा नोक्सान ऋणात्मक रहेको हो ।

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि. ले गोरक्ष हाइड्रोपावर लि. को संस्थापक शेयरमा रु.४ करोड ४ लाख लगानी गरेको छ। गोरक्ष हाइड्रोपावर लि.ले धादिङ्ग जिल्लाको रुवीभ्याली गाउँपालिकामा २५.४ मेगावाट क्षमताको सुपर आँखुखोला जलविद्युत आयोजना निर्माण गरीरहेको छ। आयोजनाको सिभिल संरचना निर्माण गर्नका लागि सुनाम इन्फ्रास्ट्रक्चर निमार्ण प्रा. लि लाई ठेक्का प्रदान गरी निर्माण कार्य द्रुत रुपमा अगाडि बढी रहेको छ। आयोजना स्थलसम्म पुग्ने पहुँचमार्ग र पुलहरु निर्माण गरी सकिएको छ। आर्मी क्याम्प तथा बंकर घर निर्माण गरी नेपाली सेना समेत आयोजना स्थलमा परिचालन भई सकेको छ । सिभिल संरचनाको ठेकेदारले आवश्यक क्याम्प तथा कसर प्लान्ट स्थापना गरी हाल सुरुङ्गमार्ग उत्खनन् (Tunnel Excavation ) गर्ने कार्य निरन्तर रुपमा जारी छ। हालसम्ममा करिब ३०० मिटर सुरुङ्गमार्ग उत्खनन् गर्ने कार्य सम्पन्न भई सकेको छ । आयोजनाको इन्टेक र अडिट रहेको स्थानमा दुई वटा बेली ब्रिज निर्माण सम्पन्न गरी सकिएको छ र बर्खाको समयमा पनि सुरुङ्गमार्ग उत्खनन् गर्ने कार्यका लागि आवश्यक सबै तयारी गरिएको छ । कम्पनीले सो आयोजना December 2025 (पौष २०८२) भित्र निर्माण सम्पन्न गर्ने गरी कार्य अगाडि बढाई रहेको छ। गोरक्ष हाइड्रोपावर लि. ले अबको १ वर्षमा प्राथमिक शेयर निष्काशन (IPO) को प्रक्रिया अगाडि बढाउने र नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गर्ने योजना बनाएको छ । आयोजनाको कुल लागत रु. ४ अर्ब ८६ करोड र प्रति मेगावट लागत रु. १९ करोड १३ लाख रहेको छ। आर्थिक र प्राविधिक दृष्टिकोणले आयोजना उपर्युक्त देखिएको छ।

हाल पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.मा ४०० जना संस्थापक शेयरधनीहरुले चार करोड छैसठ्ठी लाख छपन्न हजार आठ सय एकतिस रुपैयाँ लगानी गर्नु भएको छ । हाल कायम शेयरधनी महानुभावहरुले आफ्नो लगानी वृद्धि गर्न चाहनु भएमा भाद्र १५ २०८१ भित्रमा लगानी थप गर्न सक्नु हुनेछ र थप शेयर लगानीबाट पाप्त भएको रकम गोरक्ष हाइड्रोपावर लि. ले प्रवर्द्धन गरेको २५.४ मेगावाट क्षमताको सुपर आँखुखोला जलविद्युत आयोजनामा लगानी गरिने छ । थप शेयर पूँजी संकलन गर्दै अरु नयाँ आयोजनाहरुमा पनि लगानी गर्दै जाने रणनीति संचालक समितिको रहेको छ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संस्थागत हितको लागि यहाँहरुवाट प्राप्त हुने सृजनात्मक तथा बौद्धिक सल्लाह, सुझावहरुलाई कम्पनीले सदाझैं मार्ग दर्शनका रुपमा लिई अगाडि बढ्नेछ । आ.वं. २०७९/०८० को संस्थाको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायत लेखापरीक्षकबाट पेश गरिएको प्रतिवेदन अघि नै अध्ययनका लागि यहाँहरुलाई उपलव्ध गराई सकिएको हुनाले अनुमोदनको लागि प्रस्तुत गर्न चाहन्छौं ।

अन्तमा कम्पनीमाथिको अपार विश्वासका कारण आफ्नो लगानी मार्फत कम्पनीको उद्देश्य पुरा गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, लगायतका अन्य सम्बद्ध

सरकारी तथा गैह्रसरकारी निकायहरु, प्रभावित क्षेत्रका बासिन्दाहरु, लगनशील तथा इमान्दारीताका साथ काम गर्ने कम्पनीका कर्मचारीहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । आफ्नो अमूल्य समय दिई हौसला बढाइदिनु भएकोमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुर्लाइ धन्यवाद दिन चाहान्छु ।

# धन्यवाद !!

**लालप्रसाद साँवा लिम्बू**
**संचालक अध्यक्ष**

# इन्लेट पोर्टलबाट सुरुङ्गमार्ग उत्खनन् कार्य हुँदै







## अडिट पोर्टल तयार भई सुरुङ्गमार्ग उत्खनन् कार्यको तयारी



# इन्लेट प्रोटलमा तयार गरिएको बेली ब्रिज





# अडिटमा तयार गरिएको बेली ब्रिज



# SIWAKOTI & COMPANY

Birtamod-3, Jhapa
Pan : 300995426

Registered Auditor
Reg .No.: 'Kha' 0239
Mem No. : 3024

Reg. No. 2876 -ICAN

## स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदन

श्रीमान संचालक/प्रबन्धक ज्यू,
श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-०५,
झापा ।

आ.व. २०७९/०८० को लेखापरीक्षणको प्रतिवेदन

हामीले श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लिमिटेडको वित्तीय विवरण, जसले २०८० साल आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसंग सम्बन्धित नीति तथा टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय:**

हामी यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौ:

१) लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

२) यस प्रतिवेदनमा सम्बन्धित वासलात र नाफा नोक्सान हिसाब तथा तत्सम्बन्धी अनुसुचीहरु सस्थाले राखेको हिसाबसंग दुरुस्त रहेका छन् ।

३) यसै प्रतिवेदनको विभिन्न अंगको रुपमा रहेको संलग्न अनुसुचीमा उल्लेखित बुदाँहरुले पार्ने असरहरु बाहेक हामीले पाएसम्मको सूचना, दिईएको स्पष्टिकरण र संलग्न लेखा नीति तथा टिप्पणीहरुलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०८० आषाढ मसान्तको वित्तिय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

**रायका आधारहरु:**

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदानुसार लेखपरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरिक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**व्यवस्थापनका उत्तरदायित्वहरु**

प्रचलित कानुन तथा नेपाल लेखामान वमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लिमिटेडको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तंगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

**लेखापरीक्षकको उत्तरदायित्वहरु**

प्रस्तुत वित्तीय विवरणहरु माथि लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

शिवाकोटी एण्ड कम्पनी
मिति : २०८१/०२/०४
स्थान : बिर्तामोड-३, झापा
UDIN: 240603RA030246NUPM

**श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.**

**बिर्तामोड नगरपालिका-०५, झापा**

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु**

**आ.व. २०७९/०८०**

**१) संस्थाको सामान्य परिचय**

श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लिमिटेड नाफामुलक व्यवसाय हो, जुन कम्पनी ऐन २०६३ को दफा ५ उपदफा (१) बमोजिम कम्पनी लिमिटेड कम्पनी संम्वत् २०66 साल ११ महिना २२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ। जसको दर्ता नम्बर २५८४०६ 066/067 हो। मिति २०७७/१२/२० मा आन्तरिक राजस्व विभाग भद्रपुरमा दर्ता गरी ६०९९६१५११ प्यान प्राप्त गरेको छ। सस्थाको मुख्य उदेश्य विभिन्न कम्पनी र हाइड्रोपावर कम्पनीहरुमा लगानी गर्ने, शेयर खरिद बिकी गर्ने रहेको छ। हाल यो सस्था बिर्तामोड नगरपालिका वडा नः ०५, झापा जिल्लामा सञ्चालन गरी रहेको छ ।

**२) वित्तीय विवरण तयारीको आधार**

**२.१ सम्बन्धित मानहरुको पालना**

यस सस्थाको वित्तीय विवरण, जसले २०८० साल आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०७९/०८० को आय व्यय विवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु, नेपाल लेखामान बोर्डद्धारा जारी भएको नाफामुलक व्यवसायलाई नेपाल लेखामान ( NAS ) अनुसार लागु हुने हदसम्म पालना भएको छ।

**२.२ मापनको आधार**

संस्थाले वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा सम्पत्तिहरु, दायित्वहरु र कोषहरुको मापन गरी तयार गरेको छ।

**२.३ रकमको मुद्रा र पैसाको रकामानन्तर**

वित्तीय विवरणमा रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ। पैसालाई नजिकको रुपैयाँमा लगेर लेखाङ्मन गरिएको छ।

**२.४ लेखा नीतिहरुमा भएको परिवर्तन र खुलासाहरु**

संस्थाले विगतका वर्षहरुमा झैं लेखा नीतिहरु स्थीर रुपमा लागू गरेको छ।

**२.५ महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु**

वित्तीय विवरणहरुको तयारीका लागि केही महत्वपुर्ण लेखा अनुमान र निर्णयहरुको प्रयोग आवश्यक पर्न सक्दछ।

**२.६ अविच्छिन्न सञ्चालन ( Going Concern)**

संस्थाको वित्तीय विवरण, अविछिन्न संचालन निकायको अवधारणालाई आधार मानि तयार गरिएको छ ।

**३. प्रमुख लेखा नीतिहरु**

**३.१ जायजेथा, प्लान्ट र उपकरण**

**क. पूँजीकरण गर्ने नीति, लागत र मुल्याङ्कन**

१ बर्ष पछि सम्म पनि आर्थिक लाभ दिने अनुमान भएको र रु. २००० माथिको खरीद वा खर्च लाई मात्र पूँजीकरण गर्ने नीति रहेको छ। जायजेथा, प्लान्ट र उपकरणका सबै सम्पत्तिहरु शूरुमा लागतमा नै लेखाङ्कन गरिन्छ र त्यसपछि लागतबाट संचित ह्रासकट्टी घटाएर देखाइन्छ। संस्थाको भवन आफ्नै प्रयोजनका लागि प्रयोग गरेकाले लगानी सम्पत्तिमा नराखी जायजेथा, प्लान्ट र उपकरणमा राखिएको छ।

**ख. ह्रासकट्टी**

संस्थाले नेपाल लेखामान अनुसारको समदरमा ह्रासकट्टी नगरी घट्दो कट्टी दर (Diminishing Method) अनुसार गरिएको छ। सम्पत्तिमा ह्रास कट्टी आयकर ऐन २०५८ को अनुसुची २ मा व्यवस्था भए अनुसारको दरले गणना गरिएको छ।

### ३.२ अमुर्त सम्पत्ति

अमुर्त सम्पत्तिलाई शूरुमा लागतमा नै लेखाङ्कन गरिन्छ र त्यसपछि लागतबाट संचित amortization घटाएर देखाइन्छ। संस्थाको भवन आफ्नै प्रयोजनका लागि प्रयोग गरेकाले लगानी सम्पत्तिमा नराखी जायजेथा, प्लान्ट र उपकरणमा राखिएको छ। लेखा सफ्टवेयरको आयु १० बर्ष मानि बराबर रकम प्रत्येक बर्ष amortization मा देखाउने नीति रहेको छ।

### ३.३ नगद र नगद सरह

संस्थाले नगद र नगद सरहमा नगद मौज्दात, विभिन्न बैंकहरुमा रहेको बैंक मौज्दात, हिसाब मिलान पछिको र छोटो अवधिका बचत (जुन ३ महिनाभित्र फिर्ता हुन्छ) लाई राख्ने नीति रहेको छ।

### ३.४ मौज्दात

मौज्दातको लागत वा उचित मुल्य जुन कम हुन्छ, सोही रकम नै मौज्दातको मुल्याङ्कन गरी लेखाङ्कन गर्ने नीति रहेको छ। मौज्दातको लागत चाहि पहिलो प्राप्त भएको सामान (मौज्दात) पहिले नै नि:सर्ग हुन्छ (First in First Out, FIFO) भन्ने आधारमा गरिने नीति रहेको छ।

### ३.५ व्यवस्थाहरु

यस सस्थाको कुनै पनि शिर्षकमा अनुमानित खर्च व्यवस्था गरिने नीति रहेको छैन।

### ३.६ कर्मचारी लाभ दायित्वहरु

यस सस्थामा आवद्ध कर्मचारीहरुको विमा, औषधी उपचार खर्च, संचित विदा वापतको रकम मासिक रुपमा भुक्तानी दिनुपर्ने नीति रहेको छैन।

### ३.७ ऋण तथा तिर्नुपर्ने दायित्व

संस्थाको ऋण तथा दायित्व लागतमा नै लेखाङ्कन गर्ने नीति रहेको छ।

### ३.८ कोषहरुको गठन, प्राप्त र सदुप्रयोग वा खर्च

सस्थाको प्रत्येक बर्षको खुद बचत वा नोक्सानको रकम संचित बचत तथा जगेडा कोमा थप घट गर्ने नीति रहेको छ।

### ३.९ अनुदान र सब्सिडीहरु

संस्थामा प्राप्त भएको नगद अनुदान सम्बन्धि कुनै पनि लेखाङ्कन गर्ने नीति रहेको छैन।

### ३.१० आम्दानीको लेखाङ्कन

संस्थाले गरेको आम्दानीहरुको लेखाङ्कन प्रोदभाबी आधार गर्ने नीति रहेको छ।

### ३.११ खर्चको लेखाङ्कन

संस्थाले गरेका खर्चहरुको लेखाङ्कन प्रोदभावी आधार गर्ने नीति रहेको छ।

### ३.१२ कर

संस्थाको आयकर व्यवस्था आयकर ऐन बमोजिम गर्ने नीति रहेको छ।

### ३.१३ ऋणको लागत

पुँजीगत सम्पत्ति बनाउन, खरिद गर्न लिइएको ऋणको ब्याज पुँजीकरण गर्ने नीति नरहेका छैन।

शिवाकोटी एण्ड कम्पनी
मिति : २०८१/०२/०४
स्थान : विर्तामोड-३, झापा
UDIN: 240603RA030246NUpM

**पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.**

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३१, २०८० को

**स्थिति विवरण पत्र (वासलात)**

| विवरण | अनुसूची | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|---|
| **पुँजी** | | | |
| चुक्ता पुँजी | १ | ३६,०४९,९०० | ३६,०४९,९०० |
| जगेडा तथा संचित मुनाफा कोष | २ | (१,०४३,४३२ | (७२१,३३८ |
| अग्रिम शेयर पुजी | ३ | १०,६१५,९३१ | १०,६१५,९३१ |
| **दायित्व हिसाब** | | | |
| भुक्तानी दिनुपर्ने हिसाब | ४ | १,०८९,९३७८५ | ७३७,९३७८५ |
| **जम्मा** | | ४६,७१२,३३६।८५ | ४६,६८२,४३०।८५ |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| सम्पत्ति हिसाब | | ० | ० |
| लगानी हिसाब | ५ | ४०,४००,००० | ४०,४००,००० |
| बैक हिसाब | ६ | ३०२,३३७ | २७२,४३१ |
| नगद मौज्दात | ७ | ६,०१०,००० | ६,०१०,००० |
| **जम्मा** | | ४६,७१२,३३७ | ४६,६८२,४३१ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३१, २०८० को

**आय विवरण (नाफा नोक्सान हिसाब)**

| विवरण | अनुसूची | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|---|
| वित्तिय लगानी बाट आम्दानी | ८ | ० | ० |
| अन्य आम्दानी | ९ | २९,९०६ | ० |
| **कुल सञ्चालन आम्दानी** | | २९,९०६ | ० |
| सञ्चालन खर्च | १० | ३५२,००० | ३८१,८५० |
| मर्मत तथा सम्भार खर्च | ११ | ० | ० |
| ह्रासकट्टी खर्च | | ० | ० |
| **जम्मा खर्च** | | ३५२,००० | ३८१,८५० |
| **संचालन बचत वा (नोक्सान)** | | (३२२,०९४ | (३८१,८५० |
| कर्मचारी बोनस व्यवस्था | | ० | ० |
| **आयकर व्यवस्था अघिको बचत वा (नोक्सान)** | | (३२२,०९४ | (३८१,८५० |
| आयकर व्यवस्था | | ० | ० |
| **खुद बचत (नोक्सान)** | | (३२२,०९४ | (३८१,८५० |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

PUSHPALAL INVESTMENT COMPANY LTD.
ESTD:2077
BIRTAMODE-5, JHAPA

**पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.**

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३१, २०८० को

**नगद प्रवाह विवरण**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| **क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | (३२२,०९४ | (३८१,८५० |
| ह्रास कट्टी | ० | ० |
| तिर्नुपर्ने हिसाबमा थप वा (घट) | ३५२,००० | (१६,५१९,७३८ |
| पाउनुपर्ने हिसाबमा (थप) वा घट | ० | ० |
| कोषमा थप वा (घट) | ० | ० |
| अन्य दायित्वमा (ह्रास) बृद्धी | ० | ० |
| कर्जा सापटमा (बृद्धी) ह्रास | ० | ० |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | २९,९०६ | (१६,९०१,५८८ |
| **ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी (बृद्धी)।कमी | ० | (२६,४४०,८६७ |
| स्थिर सम्पति बिक्रि (खरिद | ० | ० |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | ० | (२६,४४०,८६७ |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुजिमा बृद्धी | ० | २५,७४९,९०० |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | ० | २५,७४९,९०० |
| **खुद नगद प्रवाह (क)+(ख)+(ग)** | २९,९०६ | (१७,५९२,५५५ |
| **नगद तथा बैंकको शुरु मैज्दात** | २७२,४३१ | १७,८६४,९८६ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | ३०२,३३७ | २७२,४३१ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३१, २०८० को

**इक्वीटि परिवर्तनको विवरण**

| विवरण | शेयर पुंजि | जगेडा कोष | संरक्षित | प्रर्वद्धन | अन्य कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| **शुरुको मौज्दात** | ३६०४९९०० | (७२१३३८ | ० | ० | ० | ३५३२८५६२ |
| लेखा नीतिमा भएको परिवर्तनको असर | ० | ० | ० | ० | ० | ० |
| परिवर्तित मौज्दात | ० | ० | ० | ० | ० | ० |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| बिदेशी मुद्रा सटहीमा भएको फरक | ० | ० | ० | ० | ० | ० |
| आय बिरिणमा नदेखाइएको नाफा वा नोक्सान | ० | ० | ० | ० | ० | ० |
| समायोजन | ० | ० | ० | ० | ० | ० |
| यस बर्षको नाफा वा नोक्सान | ० | (३२२०९४।० | ० | ० | ० | (३२२०९४ |
| शेयर जारी | ० | ० | ० | ० | ० | ० |
| **अन्तिमको मौज्दात** | ३६०४९९०० | (१०४३४३२ | ० | ० | ० | ३५००६४६८ |

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

**पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.**

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३१, २०८० को

**वासलात र आय तथा व्यय विवरणको विभिन्न अनुसुचीहरु**

| विवरण | | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|---|
| **अनुसुची : १ शेयर पुजी कोष** | | | |
| | **अधिकृत शेयर पुंजी** | | |
| | १०००००० शेयर रु.१०० का दरले | १००,०००,०००।०० | १००,०००,०००।०० |
| | **जारी शेयर पुंजी** | | |
| | १०००००० शेयर रु.१०० का दरले | १००,०००,०००।०० | १००,०००,०००।०० |
| | **चुक्ता शेयर पुंजी** | | |
| | चुक्ता शेयर पुंजी रकम | ३६,०४९,९००।०० | ३६,०४९,९००।०० |
| **जम्मा चुक्ता शेयर पुंजी** | | ३६,०४९,९००।०० | ३६,०४९,९००।०० |

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

**वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरु**

**जगेडा तथा संचित मुनाफा कोष** — **अनुसूची २**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| **गत बर्षको अ.ल्या** | (७२१,३३८ | (३३९,४८८ |
| यस बर्षको मुनाफा तथा (घाटा) | (३२२,०९४ | (३८१,८५० |
| **अन्य थप तथा (फिर्ता)** | ० | ० |
| **जम्मा** | (१,०४३,४३२ | (७२१,३३८ |

**अग्रिम शेयर पुंजी** — **अनुसूची ३**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| अग्रिम शेयर पुंजी | १०,६१५,९३१ | १०,६१५,९३१ |
| **जम्मा** | १०,६१५,९३१ | १०,६१५,९३१ |

**भुक्तानी दिनुपर्ने हिसाब** — **अनुसूची ४**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| घरभाडा कर | १,२०० | १,२०० |
| लेखापरिक्षण शुल्क | १५,००० | २५,००० |
| सासु कर | ६,००० | ३,००० |
| लेखापरिक्षण टि.डि.एस. | २,२५० | ३,७५० |
| टेकनाथ कडरीया | १७९,४०० | १२०,००० |
| नारायण पोखरेल | ८८६,०८८ | ५८४,९८८ |
| **जम्मा** | १,०८९,९३८ | ७३७,९३८ |

**लगानी हिसाब** — **अनुसूची ५**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| **गोरक्ष हाइड्रोपावर प्रा.लि.** | | |
| शेयर लगत कायम भएको | ३७,४००,००० | ५,४००,००० |
| शेयर लगत कायम हुन बाँकी | ३,०००,००० | ३५,०००,००० |
| **जम्मा** | ४०,४००,००० | ४०,४००,००० |

**बैंक हिसाब** — **अनुसूची ६**

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| माछापुच्छ्रे बैंक लिमिटेड | ३०२,३३७ | २७२,४३१ |
| **जम्मा** | ३०२,३३७ | २७२,४३१ |

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

लेखापाल
टेकनाथ कडरीया

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

## वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरु

### नगद मौज्दात

अनुसूची ७

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| नारायण प्रसाद पोखरेल | २,०१०,०००।०० | २,०१०,०००।०० |
| राम चन्द्र अर्याल | २,०००,०००।०० | २,०००,०००।०० |
| चन्द्र प्रसाद संग्रौला | २,०००,०००।०० | २,०००,०००।०० |
| जम्मा | ६,०१०,०००।०० | ६,०१०,०००।०० |

### वित्तिय लगानी बाट आम्दानी

अनुसूची ८

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| शेयर लगानीबाट प्राप्त आम्दानी | ०।०० | ०।०० |
| जम्मा | ०।०० | ०।०० |

### अन्य आम्दानी

अनुसूची ९

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| विविध आम्दानी | २९,९०६।०० | ०।०० |
| जम्मा | २९,९०६।०० | ०।०० |

### कार्यालय सञ्चालन खर्च

अनुसूची १०

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| कर्मचारी तलब | ३००,०००।०० | ३००,०००।०० |
| अफिस भाडा | १२,०००।०० | १२,०००।०० |
| लेखा परिक्षण शुल्क | १५,०००।०० | २५,०००।०० |
| कम्पनी दर्ता नविकरण खर्च | ०।०० | २,२५०।०० |
| प्रचारप्रसार खर्च | ०।०० | २०,०००।०० |
| बार्षिक साधारण सभा खर्च/अधिवेशन | २०,०००।०० | १५,२५०।०० |
| अन्य विविध खर्च | ५,०००।०० | ७,३५०।०० |
| जम्मा | ३५२,०००।०० | ३८१,८५०।०० |

### मर्मत तथा सम्भार खर्च

अनुसूची ११

| विवरण | आ.ब. २०७९/०८० | आ.ब. २०७८/०७९ |
|---|---|---|
| सम्पती तथा अन्य मर्मत खर्च | 0.00 | 0.00 |
| जम्मा | 0.00 | 0.00 |

प्रबन्धक/निर्देशक
नारायण पोखरेल

अध्यक्ष
लाल प्रसाद सावा लिम्बु

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी
रजिष्टर्ड अडिटर

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

लेखापाल
टेकनाथ कडरीया

Ph.: 023-590388
Mobile: 9852672752

# Shiwakoti & Company

Firm Reg No. 2876 (ICAN)
Birtamode, Jhapa

Registered Auditor
Reg No. 'Kha' 0239
Mem No. 3024
PAN No. 300995426

श्रीमान् अध्यक्ष ज्यू,
श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-०५,
झापा ,समक्ष

## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न उपरोक्त संस्थाको मिति २०७८ श्रावण ०१ गते देखि २०७९ आषाढ ३२ गते सम्मको मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को आय व्यय हिसाब विवरणको लेखापरिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । ती वित्तिय विवरणहरु उपर लेखापक्षिणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपालको लेखापरिक्षण मापदण्ड तथा लेखापरिक्षणको सर्वमान्य प्रचलनको आधारमा हामिले लेखापरिक्षण कार्य संपन्न गरेका छौं । वितिय विवरण सारभूत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ति मापदण्ड तथा सर्बमान्य प्रचलनमा रहेको मार्गदर्शन अनुसार लेखापरिक्षण योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गरेका छौं । वितिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याँई गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरिक्षमा समावेश हुन्छ । संस्थाले अबलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वितिय विवरण प्रस्तुतिले समग्र स्थितीको मुल्याङ्न पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो रायमा उपयुक्त वितिय विवरणले आषाढ ३२, २०७९ र सो मितिमा समाप्त भएको आर्थिक वर्षको आर्थिक स्थिती, कारोवारको सबै सारभूत कुराहरुको यथार्थ चित्रण गरेको र सो नेपालको लेखामापदण्ड तथा सर्बमान्य सिद्धान्त अनुसार तयार भएको हामीलाई लागेको छ ।
हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरिक्षणको कैफियत रहित राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

मिती : २०८०/०३/१२
बिर्तामोड, झापा

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

UDIN: 230706RA03024wu2TA

## श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा

आ.ब.२०७८ श्रावण ०१ गतेदेखि २०७९ आषाढ मसान्त सम्मको

प्रमुख लेखा नीती र वित्तिय विवरणहरु प्रतिका टिप्पणीहरु

## (Significant Accounting Policies and Notes to the Finincial Statements)

१ **सस्थाको सामान्य परिचय/कानुनी अस्तित्व:**

यो सस्था श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि. को नाममा बिर्तामोड नगरपालिका-५, झापामा कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई आन्तरिक राजश्व कार्यालयमा यो सस्थाको स्थाईलेखा नम्बरः ६०९९६१५११ कायम रहेको देखिन्छ ।

२ **संचालक समितिबाट वित्तिय विवरणको स्वीकृती:**

यस कम्पनीको कारोबारलाई कम्पनीको संचालक समितिको पुर्ण बैठकबाट अनुमोदन गराई शेयर धनीको आगामी बार्षिक साधारण सभाबाट अनुमोदनका लागि सिफारिस गरिएको छ ।

३ **कम्पनीको मुख्य उदेश्य:**

यो सस्था नाफामुलक व्यवसायीक उदेश्यका लागि यस सस्थाको शेयर सदस्यको रकम हाइड्रोपावर कम्पनीहरुमा लगानी गर्ने उद्देश्य रहेको छ ।

४ **वित्तिय विवरण तयार पार्ने उत्तरदायित्व:**

४.१ नेपाल लेखामान १ वित्तिय विवरण प्रस्तुती करणको अनुच्छेद ६ तथा कम्पनी ऐन २०६३ को दाफा १०८ (२)को संयोगिक अध्ययन् अनुसार कम्पनीको वित्तिय विवरण तयार पार्ने उत्तरदायित्व संचालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्व लाई संचालक समितिको बार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्विकार गर्दछ ।

**४.२ वित्तिय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन्**

क) कम्पनीको वित्तीय स्थितीको सुचना खुलस्त पारिएको वासलात.।

ख) समिक्षा अवधिमा कम्पनीले गरेको वित्तीयकार्य सम्पादन खुलाईएको आय तथा व्यय विवरण।

ग) नगद तथा नगद सरहको तत्व सृजना गर्नुमा कम्पनीको क्षमता खुलाई तयार पारिएको नगद प्रवाह विवरण।

घ) कम्पनीको जाय जेथामा भएको परिर्वतनको सुचना प्रदान गर्ने ईक्यूटीमा भएको परिर्वएतन सम्बन्धि विवरण।

ङ) कम्पनीको प्रमुख लेखा निती तथा अन्य सान्द्धर्भिक वुदाहरु समावेश भएको टिप्पणी, जुन वित्तिय विवरणले पाठक वर्गहरु लाई आवश्यक निर्णय लिन साहयक सिद्ध हुनेछ ।

५ **अनुपालना सम्बन्धी प्रतिवद्धता:**

५.१ कम्पनीको वित्तिय विवरणहरु कम्पनी ऐन २०६३ मा अन्यथा उल्लेख गरिएको बाहेक नेपाल लेखामान बोर्डले जारी गरेको नेपाल लेखामानहरु तथा अन्तराष्ट्रिय वित्तियमान अनुरुप तयार पारिएका छन् ।

५.२ नेपाल लेखामान अन्तरगत्त नेपाल लेखामान बोर्डबाट जारी भएको वित्तिय विवरण तयार र्गारका समयमा प्रचलन मा रहेका सबै लेखामानहरु तथा व्याख्याहरुलाई समेटिएको छ ।

६ **लेखा सम्वन्धि अवधारणा:**

६.१ संलग्न वित्तिय विवरणहरु अन्यथा उल्लेख भएका अवस्थाहरु बाहेक नेपाल लेखामान बोर्ड द्धारा जारी गरिएको नेपाल लेखानितीको अधिनमा रहि तयार पारिएको छ साथै लेखा सम्बन्धी आधारभुत सिद्यान्तहरु कम्पनी ऐन २०६३ को व्यवस्थाहरु तथा आन्तरिक राजस्व विभाग बाट जारी निर्देशनहरुको अधिनमा रहि तयार पारिएको छ ।

६.२ वित्तिय विवरणहरुको ढाचा कम्पनी ऐन, नेपाल चार्टर एकाउण्टेन्टस् संस्थाद्धारा जारीगरिएको नेपाल लेखामान अनुरुप तयार गरिएको छ।

६.३ वित्तीय विवरणहरु नेपाली रुपैयामा प्रस्तुत गरिएको छ र निकटतम रुपैयामा परिर्वतन गरी देखाइएको छन् ।

६.४ कम्पनी अन्यथा उल्लेख गरे बाहेक आम्दानी नगदमा र खर्च एकृअल (Accrual) आधारमा लेखाङ्कन गरिएको छ ।

७ **लेखाङ्कनका आधार :**

वित्तिय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन् साथै नेपाल लेखामान बोर्ड द्वारा जारी गरिएका मापदण्डहरु तथा लेखाका सर्वमान्य सिदान्तहरु अनुरुप वित्तिय विवरणहरु तयार पार्दा केही आवश्यक लेखा अनुमान गरिएका छन्, यसका साथै विभिन्न लेखा विधिहरु पालना गर्ने व्यवस्थापन द्वारा विवेक पनि प्रयोग गर्नु पर्ने आवश्यकता रहन्छ । अनुमान तथा मान्यताहरुको पुनरावलोकन निरन्तर रुपमा लेखाङ्कन गरिन्छ ।कम्पनीले आफ्नोकार्य संचालन तथा लेखाङ्कन व्यवसायको अवछिन्न निरन्तरतालाई ध्यानमा राखि तयार गरिएको छ।

८ **स्थिर सम्पती:**

स्थिर सम्पतीहरुको ऐतिहासिक लागत अवधारणको आधारमा हिसाब देखाईएको छ, उक्त सम्पतीहरुका आयकर ऐन २०५८ वमोजिम घट्दो दरमा बार्षिक रुपमा ह्रस कट्टी खर्च लेखी सोको हिसाब मिलान गरिने निति रहेको छ हाल स्थिर सम्पत्ती नभएकोले ह्रास कट्टी गरिएको छैन ।

**सम्पतीको वर्ग तथा ह्रस कट्टी दर**

| वर्ग | कार्यालय सामान, उपकरण,फर्निचर | ह्रस कट्टी दर |
|---|---|---|
| क | भवन, स्ट्रक्चर, स्थायी प्रकृतीका वनौटहरु | ५ प्रतिशत |
| ख | कम्प्युटर, गणक मेशिन, फर्निचर तथा कार्यालय उपकरण | २५ प्रतिशत |
| ग | अटोमोवाईस, बस तथा मिनी बसहरु | २० प्रतिशत |
| घ | निर्माण तथा उत्खनन् सम्बन्धिका स्थायी सामानहरु | २० प्रतिशत |
| ङ | अदृश्य सम्पत्ती सामानहरु | SLM |

९ **आयकर व्यवस्था:**

आयकर ऐन २०५८ (संशोधन सहित) वमोजिम खुद आयको २५ प्रतिशतले आयकार व्यवस्था गर्ने र तोकिएको समयमा किस्तावन्दी रुपमा करदाखिला गर्ने गरेको छ र भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर (TDS) कट्टा गरिएको रकम भुक्तानी दिन बाकी शिर्षकमा व्यवस्था गरि आयकर ऐन वमोजिम अर्को महिनाको २५ गते भित्र दाखिला गर्ने निति रहेको छ ।

१० **कर्मचारी उदानकोष:**

आर्थिक बर्षको अन्यमा स्थायी कर्मचारीहरुको कर्मचारी प्रशासन नियमावली वमोजिम भुक्तानी पाउने व्यवस्था गर्न उपदान हिसाब प्रोदभावी आधारमा लेखाङ्कन गरि उपदानकोष व्यवस्था गर्नुपर्नेमा हाल सम्म सो व्यवस्था गरिएको छैन ।

प्रस्तुत प्रतिवेदन साथ संलग्न वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण, तथा संलग्न विभिन्न अनुसुचीले सस्थाको आर्थिक गतिविधिहरुको यर्थात र सहि सूचना प्रदान गर्नेछ भन्ने हाम्रो विश्वास छ साथै प्रस्तुत विवरणका आधारमा कम्पनीको निरन्तर प्रगति भईरहेको प्रष्ट हुन्छ ।

..............

शिवाकोटी एण्ड कम्पनी

मितिः २०८०/३/१२

स्थानः बिर्तामोड-३, झापा

UDIN:

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३२, २०७९ को

**स्थिति विवरण पत्र (वासलात)**

स्थायी लेखा न: ६०९९६१५११

| विवरण | अनुसूची | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|---|
| **पुँजी तथा दायित्व हिसाब** | | | |
| चुक्ता पुँजी | १ | ३६,०४९,९००।०० | १०,३००,०००।०० |
| जगेडा तथा संचित मुनाफा कोष | २ | (७२१,३३८।०० | (३३९,४८८।०० |
| भुक्तानी दिनुपर्ने हिसाब | ३ | ७३७,९३७।८५ | १८,४५०।०० |
| अग्रिम शेयर पुजी | ४ | १०,६१५,९३१।०० | २७,८५५,१५७।०० |
| **जम्मा** | | **४६,६८२,४३०।८५** | **३७,८३४,११९।००** |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| सम्पत्ति हिसाब | ५ | ०।०० | ०।०० |
| लगानी हिसाब | ६ | ४०,४००,०००।०० | १३,९५९,१३३।१५ |
| पाउनु पर्ने हिसाब | ७ | ०।०० | ०।०० |
| बैक हिसाब | ८ | २७२,४३०।८५ | १७,८६४,९८५।८५ |
| नगद मौज्दात | ९ | ६,०१०,०००।०० | ६,०१०,०००।०० |
| **जम्मा** | | **४६,६८२,४३०।८५** | **३७,८३४,११९।००** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक

अध्यक्ष

लेखापरिक्षक

शिवाकोटी एण्ड कम्पनी

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३२, २०७९ को

**आय विवरण (नाफा नोक्सान हिसाब)**

स्थायी लेखा न: ६०९९६१५११

| विवरण | अनुसूची | आ.ब. २०७८/०७९ | आ.ब. २०७७/०७८ |
|---|---|---|---|
| वित्तिय लगानी बाट आम्दानी | | ०।०० | ०।०० |
| बैंक ब्याज आम्दानी | | ०।०० | ०।०० |
| अन्य आम्दानी | | ०।०० | ०।०० |
| **कुल सञ्चालन आम्दानी** | | **०।००** | **०।००** |
| सञ्चालन खर्च | १० | ३८१,८५०।०० | ३३९,४८८।०० |
| कर्मचारी खर्च | | ०।०० | ०।०० |
| मर्मत तथा सम्भार खर्च | | ०।०० | ०।०० |
| ह्रासकट्टी खर्च | | ०।०० | ०।०० |
| **जम्मा खर्च** | | **३८१,८५०।००** | **३३९,४८८।००** |
| **संचालन बचत वा (नोक्सान)** | | **(३८१,८५०।००** | **(३३९,४८८।००** |
| कर्मचारी बोनस व्यवस्था | | ०।०० | ०।०० |
| **आयकर व्यवस्था अघिको बचत वा (नोक्सान)** | | **(३८१,८५०।००** | **(३३९,४८८।००** |
| आयकर व्यवस्था | | ०।०० | ०।०० |
| कोभिड -१९ छुट ५०% | | ०।०० | ०।०० |
| **छुट पछिको आयकर दायित्व** | | **०।००** | **०।००** |
| **खुद बचत (नोक्सान)** | | **(३८१,८५०।००** | **(३३९,४८८।००** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३२, २०७९ को

**नगद प्रवाह विवरण**

स्थायी लेखा नं: ६०९९६१५११

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| **क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | (३८१,८५०।०० | ०।०० |
| ह्रस कट्टी | ०।०० | ०।०० |
| तिर्नुपर्ने हिसाबमा थप वा (घट) | (१६,५१९,७३८।१५ | ०।०० |
| पाउनुपर्ने हिसाबमा (थप) वा घट | ०।०० | ०।०० |
| कोषमा थप वा (घट) | ०।०० | ०।०० |
| अन्य दायित्वमा (ह्रस) बृद्धी | ०।०० | ०।०० |
| कर्जा सापटमा (बृद्धी) ह्रस | ०।०० | ०।०० |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | (१६,९०१,५८८।१५ | ०।०० |
| **ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी (बृद्धी) ह्रस | (२६,४४०,८६६।८५ | ०।०० |
| स्थिर सम्पति बिक्रि (खरिद | ०।०० | ०।०० |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | (२६,४४०,८६६।८५ | ०।०० |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुजिमा बृद्धी | २५,७४९,९००।०० | ०।०० |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | २५,७४९,९००।०० | ०।०० |
| **खुद नगद प्रवाह (क)+(ख)+(ग)** | (१७,५९२,५५५।०० | ०।०० |
| **नगद तथा बैंकको शुरु मैज्दात** | १७,८६४,९८५।८५ | ०।०० |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | २७२,४३०।८५ | ०।०० |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३२, २०७९ को

**इक्वीटि परिवर्तनको विवरण**

स्थायी लेखा नं: ६०९९६१५११

| विवरण | शेयर पुँजि | जगेडा कोष | संरक्षित | प्रबर्द्धन | अन्य कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | १०३०००००।०० | (३३९४८८।०० | ०।०० | ०।०० | ०।०० | ९९६०५१२।०० |
| लेखा नीतिमा भएको परिवर्तनको असर | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| परिवर्तित मौज्दात | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| बिदेशी मुद्रा सटहीमा भएको फरक | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| आय बिरिणमा नदेखाइएको नाफा वा नोक्सान | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| समायोजन | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| यस बर्षको नाफा वा नोक्सान | ०।०० | (३८१८५०।०० | ०।०० | ०।०० | ०।०० | (३८१८५०।०० |
| शेयर जारी | २५७४९९००।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | २५७४९९००।०० |
| अन्तिमको मौज्दात | ३६०४९९००।०० | (७२१३३८।०० | ०।०० | ०।०० | ०।०० | ३५३२८५६२।०० |

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE 5 JHAPA

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

विर्तामोड नगरपालिका-५, झापा, नेपाल

आषाढ ३२, २०७९ को

**वासलात र आय तथा व्यय विवरणको विभिन्न अनुसुचीहरु**

स्थायी लेखा नः ६०९९६१५११

| विवरण | | आ.ब. २०७८/०७९ |
|---|---|---|
| **अनुसुची : BS-1 शेयर पुजी कोष** | | |
| | **अधिकृत शेयर पुंजी**<br>१०००००० शेयर रु.१०० का दरले | १००,०००,०००।०० |
| | **जारी शेयर पुंजी**<br>१०००००० शेयर रु.१०० का दरले | १००,०००,०००।०० |
| | **चुक्ता शेयर पुंजी**<br>चुक्ता भएको रकम ३६,०४९,९००।०० | ३६,०४९,९००।०० |
| **जम्मा चुक्ता शेयर पुंजी** | | ३६,०४९,९००।०० |

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

**वासलात तथा नाफा नोक्सान खातासँग सम्वन्धित अनुसूचीहरु**

**जगेडा तथा संचित मुनाफा कोष** अनुसूची २

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| **गत बर्षको अ.ल्या** | (३३९,४८८।०० | (३३९,४८८।०० |
| यस बर्षको मुनाफा तथा (घाटा) | (३८१,८५०।०० | ०।०० |
| **अन्य थप तथा (फिर्ता)** | ०।०० | (३३९,४८८।०० |
| **जम्मा** | (७२१,३३८।०० | (३३९,४८८।०० |

**भुक्तानी दिनुपर्ने हिसाब** अनुसूची ३

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| घरभाडा कर | १,२००।०० | १,२००।०० |
| लेखापरिक्षण शुल्क | २५,०००।०० | १५,०००।०० |
| सासु कर | ३,०००।०० | ०।०० |
| लेखापरिक्षण टि.डि.एस. | ३,७५०।०० | २,२५०।०० |
| पुष्कर कडरिया | १२०,०००।०० | ०।०० |
| नारायण पोखरेल | ५८४,९८७।८५ | ०।०० |
| **जम्मा** | **७३७,९३७।८५** | **१८,४५०।००** |

**अग्रिम शेयर पुँजी** अनुसूची ४

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| अग्रिम शेयर पुँजी | १०,६१५,९३१।०० | २७,८५५,१५७।०० |
| **जम्मा** | **१०,६१५,९३१।००** | **२७,८५५,१५७।००** |

**लगानी हिसाब** अनुसूची ६

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| **गोरक्ष हाइड्रोपावर प्रा.लि.** | | |
| शेयर लगत कायम भएको | ५,४००,०००।०० | १३,९५९,१३३।१५ |
| शेयर लगत कायम हुन बाँकी | ३५,०००,०००।०० | १३,९५९,१३३।१५ |
| **जम्मा** | **४०,४००,०००।००** | **१३,९५९,१३३।१५** |

**पाउनु पर्ने हिसाब** अनुसूची ७

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| उठ्न बाकी (शेयर चुक्ता भएको रकम) | ०।०० | ०।०० |
| उठ्न बाकी (शेयर चुक्ता हुन बाकी रकम) | ०।०० | ०।०० |
| **जम्मा** | ०।०० | ०।०० |

**बैंक हिसाब** अनुसूची ८

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| माछापुच्छ्रे बैंक लिमिटेड | २७२,४३०।८५ | १७,८६४,९८५।८५ |
| **जम्मा** | २७२,४३०।८५ | १७,८६४,९८५।८५ |

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

# श्री पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

**वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरु**

**शेयर लगत कायम हुन बाँकी रकम** — **अनुसूची ९**

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| नारायण प्रसाद पोखरेल | २,०१०,०००।०० | २,०१०,०००।०० |
| राम चन्द्र अर्याल | २,०००,०००।०० | २,०००,०००।०० |
| चन्द्र प्रसाद संग्रौला | २,०००,०००।०० | २,०००,०००।०० |
| **जम्मा** | **६,०१०,०००।००** | **६,०१०,०००।००** |

**कार्यालय सञ्चालन खर्च** — **अनुसूची १०**

| विवरण | ०७९.०३.३२ को (रु) | ०७८.०३.३१ को (रु) |
|---|---|---|
| कर्मचारी तलब | ३००,०००।०० | ०।०० |
| अफिस भाडा | १२,०००।०० | १२,०००।०० |
| लेखा परिक्षण शुल्क | २५,०००।०० | १५,०००।०० |
| मसलन्द/छपाई खर्च | ०।०० | ७,०५०।०० |
| कम्पनी दर्ता नविकरण खर्च | २,२५०।०० | ६५,०००।०० |
| नगरपालिका दर्ता खर्च | ०।०० | ५,१००।०० |
| यातायात खर्च | १०,०००।०० | ३५,०००।०० |
| प्रचारप्रसार खर्च | २०,०००।०० | १४,२३८।०० |
| यात्रा भ्रमण खर्च | ०।०० | १८५,०००।०० |
| अधिवेशन | १५,२५०।०० | ०।०० |
| अन्य विविध खर्च | ७,३५०।०० | १,१००।०० |
| **जम्मा** | **३९१,८५०।००** | **३३९,४८८।००** |

प्रबन्धक/निर्देशक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

अध्यक्ष

लेखापरिक्षक
शिवाकोटी एण्ड कम्पनी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

# UDIN Document

Fiscal Year: 2078/79

| | |
|---|---|
| **Date / Time:** 2023-07-06 11:13:21 | **UDIN Number:** 230706RA03024wu2TA |
| **Member Name:** MOHAN SIWAKOTI | **Date of Signing Document:** 2023-06-27 |
| **Document Type:** Audit | **Audit Type:** Statutory Audit |
| **Office Type:** Listed Public Company | **Office Name:** Puspalal Envestment Company |
| **Type of Audit Opinion:** Unqualified Opinion | **Quarter:** 4th Quarter |
| **PAN No:** 609961511 | |

**Financial figures**

| S.N. | Heading | Amount |
|---|---|---|
| 1 | Total Asset/Liabilities | NRs.46682430.85 |
| 2 | Turnover | NRs.0 |
| 3 | Cash Flow Statement | NRs.272430.85 |

**Status:** Active Document

**Document Description:**

The UDIN System has been developed by the Institute of Chartered Accountants of Nepal (ICAN) to facilitate its members for verification and certification of the documents and for securing documents and authenticity thereof by Authorities, Regulators and Stakeholders. However, ICAN assumes no responsibility of verification and certification of document(s) carried out by the Members and the concerned member(s) shall alone be responsible therefore.

To verify UDIN, please go to www.udin.ican.org.np